# बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ६** **संख्याः १** **मितिः२०८०/०५/०४**

**भागः २**

## करारमा कर्मचारी (श्रेणीविहिन कर्मचारी तथा प्राविधिक कर्मचारी) व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९

**गाउँसभाबाट प्रमाणिकरण मितिः २०७९/१०/१७**
**स्थानीय राजपत्रमा प्रकाशित मितिः २०७९/११/०४**
**कार्यपालिकाबाट पहिलो संशोधन मितिः २०८०/०१/१२**

बान्नीगढी जयगढ गाउँपालिकाले उपलब्ध गराउने सेवा प्रवाह र विकास निर्माणको कार्यलाई व्यवस्थित र प्रभावकारी बनाउन यस गाउँपालिकाको लागि नेपाल सरकारले स्वीकृत गरेको कर्मचारी दरबन्दिको अधिनमा रहि प्राविधिक कर्मचारी तथा श्रेणीविहिन कर्मचारी पदपूर्ति हुन नसकि सेवा प्रवाह र विकास निर्माणमा समस्या भईरहेकोले लोक सेवा आयोगबाट स्थायी पदपूर्ति नहुन्जेलसम्म रिक्त पदमा स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) मा व्यवस्था भएबमोजिम करार सम्झौताका आधारमा सेवा करारमा लिने कार्यलाई व्यवस्थित गर्नका लागी बान्नीगढी जगयढ गाउँपालिकाको गाउँसभाले मिति २०७९/१०/१६ मा यो कार्यविधि स्विकृत गरी जारी गरेको छ।

१. **संक्षिप्त नाम र प्रारम्भः**

क. यस कार्यविधिको नाम **"बान्नीगढी जयगढ गाउँपालिकामा करारमा (श्रेणीविहिन कर्मचारी तथा प्राविधिक कर्मचारी) कर्मचारी व्यवस्थापन कार्यविधि , २०७९"** रहेको छ।

ख. यो कार्यविधि गाउँसभाले निर्णय गरेको मितिबाट प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय र प्रसंगले अर्को अर्थ नलागेमा -

क. "प्रमुख प्रशासकीय अधिकृत " भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ।

ख. "ऐन" भन्नाले "स्थानीय सरकार संचालन ऐन, २०७४ " सम्झनु पर्दछ।

ग. "कार्यविधि" **बान्नीगढी जयगढ गाउँपालिकामा करारमा (श्रेणीविहिन कर्मचारी तथा प्राविधिक कर्मचारी) कर्मचारी व्यवस्थापन कार्यविधि , २०७९** सम्झनु पर्दछ।

घ. "कार्यालय" भन्नाले बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय सम्झनु पर्दछ सो शब्दले मातहतका वडा कार्यालय र स्वास्थ्य चौकीलाई समेत जनाउँदछ।

ङ. "प्राविधिक कर्मचारी " भन्नाले दफा ३ को उपदफा (२) बमोजिम प्राविधिक सेवा उपलब्ध गराउने गरी व्यवस्था भएका कर्मचारी सम्झनु पर्दछ।

च. " श्रेणीविहिन कर्मचारी " भन्नाले ऐनमा व्यवस्था भएबमोजिमका कर्मचारीहरु सम्झनु पर्दछ।

छ. " पदपूर्ती समिति " भन्नाले दफा ४ बमोजिम गठित समिति सम्झनु पर्दछ।

३. **कार्यविधि लागु हुने क्षेत्र र सेवाः** (१) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ को उपदफा (७) र उपदफा (८) तथा स्थानीय तहमा सेवा प्रवाह सम्बन्धि व्यवस्थाको दफा १५(४) बमोजिम कर्मचारी करारमा राख्ने प्रयोजनका लागि यो कार्यविधि स्विकृत गरी लागु गरिएको हो।

(२) कार्यालयले देहायको सेवासँग सम्बन्धित प्राविधिक कर्मचारी यस कार्यविधि बमोजिम अवधि तोकि करारमा राख्न सक्नेछः

(क) ईन्जिनियरिङ्ग सेवासँग सम्बन्धित

(ख) कृषि सेवासँग सम्बन्धित

(ग) पशु सेवासँग सम्बन्धित

(घ) स्वास्थ्य सेवासँग सम्बन्धित

(ङ) अन्य विविध सेवासँग सम्बन्धित।

४. **पदपूर्ती सम्बन्धि व्यवस्थाः** **(१)** दफा ३ बमोजिममा पदहरुमा कर्मचारी करारमा छनौट गर्ने प्रयोजनका लागी सिफारिस गर्न देहाय बमोजिमको पदपूर्ती समिति गठन गरिनेछः-

क. गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत - संयोजक
ख. गाउँपालिकाले विषयविज्ञको रूपमा तोकेको अधिकृत स्तरको कर्मचारी - सदस्य
ग. गाउँपालिकाको शाखा प्रमुख वा प्रशासन शाखा प्रमुख - सदस्य सचिव

५. **आवश्यक न्युनतम योग्यताः** यस कार्यविधि बमोजिम करार सेवामा रहि कामकाज गर्नका लागी श्रेणीविहिन पद र प्राविधिक पदका लागी देहाय बमोजिमको न्युनतम योग्यता पुगेको नेपाली नागरिक उम्मेद्वार हुन सक्नेछन।

**अ. श्रेणीविहिन पदको न्युनतम योग्यताः-**

क. नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा आधारभूत तह वा कक्षा ८/SLC/SEE उतीर्ण गरेको,

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ बर्ष पुरा भई ४५ वर्ष ननाघेको,

ग. प्रचलित कानून बमोजिम अयोग्य नभएको।

**आ. प्राविधिक पदको न्युनतम योग्यताः-**

क. प्राविधिक पदको लागी न्युनतम शैक्षिक योग्यता सम्बन्धित सेवाको पदका लागी सुदूरपश्चिम प्रदेश निजामती सेवा ऐन, २०७९ मा व्यवस्था भएबमोजिमको हुनेछ,

ख. दरखास्त दिने अन्तिम मितिमा कम्तिमा १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको , (अधिकृत स्तरको कर्मचारीको हकमा कम्तिमा २१ वर्ष पुरा भएको हुनुपर्ने )

ग. प्रचलित कानून बमोजिम अयोग्य नभएको ।

६. **दरखास्त आव्हानः** (१) स्थानीय तहमा रिक्त रहेका प्राविधिक पदको दरबन्दीमा करारमा पदपूर्ती गर्न तथा गाउँकार्यपालिकाले ऐनमा व्यवस्था भएबमोजिमका श्रेणीविहिन पद र अन्य पदमा करारमा कर्मचारी पदपूर्ती गर्नका लागी स्थानीय तहले सम्बन्धित सेवा समूहको योग्यता, पारिश्रमिक, सेवा शर्त समेत तोकी सम्बन्धित कार्यालयको सूचनापाटी, वेभसाईट तथा अन्य कुनै सार्वजनिक स्थलमा कम्तिमा १५ दिनको सूचना प्रकाशन गर्नुपर्नेछ ।

(२) आवेदन फारामको नमूना अनुसूची –२ बमोजिम हुनेछ । गाउँपालिकाबाट निर्धारण भए बमोजिमको आवेदन दस्तुर लिई दरखास्त फाराम र राजश्व तिरेको रसिद उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम उपलब्ध गराईएको दरखास्त फाराम साथ उम्मेदारले सूचनामा तोकिए बमोजिमका न्यूनतम शैक्षिक योग्यता र अनुभव लगायतका कागकाज/प्रमाणपत्रका प्रतिलिपि स्वयंले प्रमाणित गरी दरखास्त फाराम साथ पेश गर्नुपर्नेछ ।

(४) उपदफा (३) बमोजिम रीतपूर्वक प्राप्त हुन आएको आवेदन फाराममा आवश्यक जाँचबुझ गरी योग्यता पुगेका उम्मेदवारको दरखास्त फाराम स्विकृत गरी अनुसूची-३ बमोजिमको प्रवेश पत्र उम्मेदवारलाई उपलब्ध गराउनु पर्नेछ ।

७. **प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन गर्ने :** (१) दफा ३ को उपदफा (२) बमोजिमको सूचनामा तोकिएको म्यादभित्र प्राप्त हुन आएका आवेदन मध्येबाट पदपूर्ति समितिले म्याद समाप्त भएको दश दिनभित्र योग्य ठहरिएका आबेदकहरू मध्येबाट उपलब्ध भएमा १० जना र नभएमा उपलब्ध संख्याका उम्मेदवारको प्रारम्भिक योग्यताक्रम सूची प्रकाशन गर्नु पर्नेछ ।

तर प्राप्ताङ्क बराबर भएमा बराबर प्राप्ताङ्क भएका सबै उम्मेदवारहरुलाई प्रारम्भिक योग्यताक्रम सूचीमा समावेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रम निर्धारण गर्दा देहाय बमोजिमको मूल्याङ्कनका आधारमा गरिनेछ :-

क. न्यूनतम शैक्षिक योग्यताको प्रास्त लब्धाङ्क प्रतिशत वापत - २० (बीस) अङ्क,

ख. न्यूनतम शैक्षिक योग्यता भन्दा माथिल्लो शैक्षिक योग्यता वापत - १० (दश) अङ्क,

ग. नेपाल सरकारद्वारा सञ्चालित कार्यक्रम वा स्थानीय तहमा काम गरेको अनुभव बापत - प्रति वर्ष २ अङ्कका दरले अधिकतम १० (दश) अङ्क,

घ. सम्बन्धित गाउँपालिका वा नगरपालिकाको स्थायी बासिन्दाका लागि -१० (दश) अङ्क।

(३) उपदफा (२) को खण्ड (क) बमोजिम न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रतिशत वापतको **अङ्क निर्धारण गर्दा देहाय बमोजिमको सूत्रको प्रयोग गरिनेछ :-**

= न्युनतम शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत x २०
१००

(४) उपदफा (२) को खण्ड (ख) बमोजिम माथिल्लो शैक्षिक योग्यता वापतको अङ्क निर्धारण **गर्दा देहाय बमोजिमको सूत्रको प्रयोग गरिनेछ :-**

= माथिल्लो शैक्षिक योग्यताको प्राप्त लब्धाङ्क प्रतिशत )x१०
१००

(५) उपदफा (३) र (४) बमोजिम अङ्क निर्धारण गर्दा क्युमुलेटिभ ग्रेड पोइन्ट एभरेज (सी.जि.पी.ए.) मा लब्धाङ्क हुनेहरुको हकमा सम्बन्धित विश्वविद्यालयले निर्धारण गरेको प्रतिशतका आधारमा र सम्बन्धित विश्वविद्यालयले सी.जी.पी.ए. को प्रतिशत निर्धारण नगरेको भएमा त्रिभुवन विश्वविद्यालयले सी.जी.पी.ए. का लागि निर्धारण गरिएको प्रतिशतका आधारमा गर्नुपर्नेछ।

(६) उम्मेदवारले दरखास्त फारामसाथ पेश गरेका कागजात/प्रमाणपत्र झुट्टा तथा नक्कली भएको पाइएमा छनौट प्रक्रियाबाट निष्कासन गर्ने र छनौट भई करार सम्झौता भएको अवस्थामा समेत करार रद्द गरी कानून बमोजिम कारवाहीका लागि सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेछ।

(७) उपदफा (१) बमोजिमको प्रारम्भिक योग्यताक्रम सूची सम्बन्धित स्थानीय तहको वेबसाइट र सूचनापाटी दुवैमा प्रकाशन गर्नु पर्नेछ।

८. **छनौट परीक्षाः** (१) दफा ६ को उपदफा (३) बमोजिम श्रेणीविहिन पदका लागी पर्न आएका आवेदनहरु देहायको आधारमा दफा ४ को समितिले मूल्याङ्कन गरी सुचिकृत गर्नुपर्नेछ।

क. कार्य अनुभव बाफत -१० अंक (प्रतिवर्ष २ अंकका दरले, प्रमाणित विवरण संलग्न भएको हुनुपर्ने।)

ख. स्थानीय बासिन्दालाई देहाय बमोजिम – १० अंक

१. सम्बन्धित गाउँपालिकाको बासिन्दा भएमा – १० अंक

२. सम्बन्धित जिल्लाको भएमा – ५ अंक

ग. अन्तवार्तामा अधिकतम - ३० अंक। यस अनुसार अंक प्रदान गर्दा न्युनतम ३५ प्रतिशत र अधिकतम ७० प्रतिशतको सीमाभित्र रहि अंक प्रदान गर्नुपर्नेछ।

(२) श्रेणीविहिन पद बाहेक दफा ३ को उपदफा (२) बमोजिमका प्राविधिक पदका लागी करारमा कर्मचारी छनौट गर्न सम्बन्धित सेवा सम्बन्धि विषयको लिखित परीक्षा वा लिखित र प्रयोगात्मक परीक्षा दुवै हुनेछ।

(३) उपदफा (२) बमोजिमको प्राविधिक पदको परीक्षाको पाठ्यक्रम सुदूरपश्चिम प्रदेश लोक सेवा आयोगले सम्बन्धित सेवाको पदको लागी निर्धारण गरे बमोजिमको हुनेछ।

(४) परीक्षामा सहभागी उम्मेद्वारले उतीर्ण हुनका लागी प्रत्येक विषयमा कम्तिमा चालिस प्रतिशत अङ्क प्राप्त गर्नुपर्नेछ।

(५) उम्मेद्वारले परीक्षामा सहभागी हुन आँउदा प्रवेशपत्र साथमा लिई आउनु पर्नेछ।

९. **अन्तिम योग्यताक्रमको सूची प्रकाशन गर्नेः** (१) दफा ८ बमोजिम छनौट परीक्षामा सहभागी उम्मेद्वारले प्राप्त गरेको अंकको आधारमा पदपूर्ति समितिले उतीर्ण उम्मेद्ववारहरुको योग्यताक्रमको सूची कायम गरी प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिमको योग्यताक्रमको सूचीमा रहेका उम्मेद्वारले बराबर अंक प्राप्त गरेको अवस्थामा न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क पत्रमा उल्लिखित लब्धाङ प्रतिशतलाई आधार मानी अन्तिम योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(३) उपदफा (२) को आधारमा योग्यताक्रम निर्धारण गर्दा लब्धाङ्क प्रतिशत समेत बराबर रहेको अवस्थामा त्रमशः अनुभवको अवधि माथिल्लो तहको शैक्षिक योग्यता माथिल्लो तहको शैक्षिक योग्यतामा प्राप्त गरेको अंक प्रतिशत र उमेरको ज्येष्ठतालाई आधार मानी योग्यताक्रम निर्धारण गर्नुपर्नेछ।

(४) उपदफा (१), (२) र (३) बमोजिम कायम हुने अन्तिम योग्यताक्रमको सूचिबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वारलाई छनौट गरी सो को सूचना प्रकाशन गर्नुपर्नेछ।

(५) उपदफा (४) बमोजिम अन्तिम योग्यताक्रमको सूचिबाट सबैभन्दा बढी अंक प्राप्त गर्ने उम्मेद्वार छनौट गरिसकेपछि माग पदसंख्या भन्दा दोब्बर संख्यामा वैकल्पिक उम्मेदवारको सूचि समेत प्रकाशन गर्नुपर्नेछ ।

१०. **करार सम्झौता गरी कामकाजमा खटाउनु पर्ने:** (१) दफा ९ बमोजिम अन्तिम योग्यताक्रमको सूचीबाट छनौट भएको उम्मेदवारलाई कार्यालयले सेवा शर्त र सुविधा समेत खुलाई अनुसूची-४ बमोजिम कार्य विवरण, अनुसूची-५ बमोजिम करार सम्झौता गरी अनुसूची -६ बमोजिमको सेवा करार सहित कामकाज गर्ने गरी खटाउनेछ ।

(२) यस कार्यविधि बमोजिम करार गर्दा सामान्यतया आर्थिक वर्षको श्रावण १ गते देखि अर्को वर्षको असारसम्मका लागी वा एकपटकमा ६ महिनाका लागी वा ३ महिनाका लागी मात्र करार गर्नुपर्नेछ । तर उक्त पदले गर्नुपर्ने काम समाप्त भएमा वा पर्याप्त नभएमा वा कार्यसम्पादन सन्तोषजनक नदेखिएमा गाउँकार्यपालिकाले निर्णय गरी करार सम्झौता भङ्ग गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम एक आर्थिक वर्षको निम्ति सेवा करारमा लिएको व्याक्तिलाई पुनः अर्को वर्ष वा अवधिको लागी सेवा करारमा लिनु परेमा गाउँकार्यपालिकाको निर्णय बमोजिम करार सम्झौता गरिनेछ ।

(४) करार कर्मचारीले स्वेच्छाले करार निरन्तरता गर्न नचाहेमा कम्तिमा १५ दिन अगाडी कार्यालयलाई लिखित रुपमा जानकारी गराउनु पर्नेछ । यसरी जानकारी नगराई करार अन्त गरी काम छोडेमा त्यस्तो व्याक्तिलाई पुनः करारमा काम गर्ने अवसर दिईने छैन ।

११. **सेवा सुविधा अवधि र सम्बन्धि व्यवस्था:** (१) यस कार्यविधि बमोजिम करार सम्झौता गरिएका प्राविधिक कर्मचारीहरुको मासिक पारिश्रमिक सम्बन्धित तह वा पदको शुरु तलब स्केलमा नबढने गरी करार सम्झौतामा उल्लेख भए बमोजिमको हुनेछ । स्थानीय भत्ता पाउने स्थानमा नेपाल सरकारको दररेट बमोजिम करारमा उल्लेख भएअनुसार स्थानीय भत्ता उपलब्ध गराउन सकिनेछ । अन्य श्रेणीविहिन कर्मचारीको हकमा मासिक पारिश्रमिक र सेवा सुविधा गाउँ कार्यपालिकाले निर्णय गरे बमोजिम हुनेछ ।

(२) कार्यालयले कार्य विवरणमा उल्लेख भए बमोजिम प्रगतिको स्थलगत वा वस्तुगत प्रतिवेदनका आधारमा कार्य सम्पादन अनुसार करारमा उल्लेख गरी भम्रण भत्ता वा फिल्ड भत्ता उपलब्ध गराउन सक्नेछ ।

(३) कार्यालयले करार कर्मचारीको पारिश्रमिक भुक्तानी गर्दा निजले महिनाभरी गरेको कामको विवरण सहितको प्रतिवेदन तयार गर्न लगाई सम्बन्धित विषयगत शाखा वा मातहतका कार्यालयको सिफारिस र हाजिरी प्रमाणितको आधारमा मात्र भुक्तानी गर्नुपर्नेछ।

(४) यस कार्यविधि बमोजिम प्राविधिक कर्मचारीले करारमा काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी पदमा नियुक्ति हुनका लागी कुनै पनि दाबी गर्न पाउने छैन।

१२. **करार अवधिः** (१) यस कार्यविधि बमोजिम करार गरिएको पद वा दरबन्दिमा नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन बमोजिम कर्मचारी समायोजन भई खटिई आएमा वा लोक सेवा आयोगबाट स्थायी नियुक्तिका लागी सिफारिस भई आएमा त्यस्तो व्याक्तिको करार स्वतः अन्तय हुनेछ।

(२) करार सम्झौता गरिएको कर्मचारीको कार्य सन्तोषजनक नभएको भनि विषयगत शाखा वा कार्यालयले सिफारिस गरेमा वा गाउँकार्यपालिकाले करार निरन्तरता दिन मनासिब नदेखेमा सफाईको मौका दिई गाउँकार्यपालिकाले निर्णय गरी जुनसुकै अवस्थामा करारबाट हटाउन सक्नेछ।

१३. **बचाउः** यो कार्यविधि लागु हुनपूर्व यस कार्यालयमा करार सम्झौता भई नियुक्त भएका करार कर्मचारी यसै कार्यविधि बमोजिम नियुक्ति भएको मानिनेछ।

१४. **खारेजीः** यस अघि लागु भएको बान्नीगढी जयगढ गाउँपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन कार्यविधि, २०७४ खारेजी गरिएको छ।

१५. **विविधः** यो कार्यविधि कार्यान्वयन गर्ने क्रममा थप व्यवस्था गर्नु परेमा यस कार्यविधि र प्रचलित कानूनसँग नबाझिने गरी गाउँपालिकाले आवश्यक निर्णय गर्न सक्नेछ।

**आज्ञाले,**

झनक रेग्मी

नि. प्रमुख प्रशासकीय अधिकृत

## अनसूची-१

(पदपुर्ति सूचनाको ढाँचा)

### *करार सेवामा ........................कर्मचारी पदपुर्ति गर्ने सम्बन्धि सूचना !!!*

*प्रथम पटक प्रकाशित मितिः .................................*

यस बान्नीगढी जयगढ गाउँपालिका गाउँकार्यपालिकाको कार्यालयमा **.......................................** पदमा कर्मचारी आवश्कता भएको हुदाँ प्रचलित कानून अनुसार **करार सेवामा** निम्न बमोजिम योग्यता पुगेका योग्य नेपाली नागरिकहरुले सूचना प्रकाशित भएको मितिले ............................ दिन भित्र कार्यालय समयमा माग बमोजिमको विवरण र दस्तुर तिरेको भौचर सहित यस कार्यालयमा आवेदन दिनहुन दरखास्त आव्हान गरिन्छ।

**तपसीलः**

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या | न्युनतम शैक्षिक योग्यता | सेवाको किसिम | दरखास्त दस्तुर |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

**निम्नः**

१. **आवेदन फाराम बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालय अथवा गाउँपालिकाको वेबसाईट** **Website: www.bannigadhijaygadhmun.gov.np** **बाट पनि प्राप्त गर्न सकिनेछ।**

२. **आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरुः**

- नेपाली नागरिकताको प्रतिलिपि
- हालसालै खिचेको २ प्रति पासपोर्ट साईजको फोटो।
- न्यूनतम शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्रको प्रति
  ......................................................................

३. **उमेर हदः** ......... वर्ष पुरा भई ....... वर्ष ननाघेको हुनुपर्ने छ।

४. **सेवा सुविधाः** गाउँपालिकाको सम्झौता अनुसार।

५. **आवेदन बुझाउने स्थानः** बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको कार्यालय जयगढ अछाम। आवेदन शुल्क बान्नीगढी जयगढ गाउँपालिका राजश्व शाखामा शुल्क तिरेको रसिद वा सिभिल बैकंमा रहेको कार्यालयको **आन्तरिक राजश्व खाता नं. .......... .................................................** मा जम्मा गरेको भौचर संलग्न गर्नुपर्नेछ।

६. **आवेदन बुझाउने अन्तिम मितिः** ...................................गते सम्म।

७. **छनौटको किसिमः** ..........................

८. **परीक्षा हुने मितिः** आवेदन दिने अन्तिम मिति पश्चात तय गरिनेछ।

९. **करार अवधिः** गाउँकार्यपालिकाको निर्णय अनुसार हुने।

**....................................**

**प्रमुख प्रशासकीय अधिकृत**

**अनसूची-२**

(दफा ६ को उपदफा २ संग सम्बन्धित आवेदनको ढाँचा)

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

**दरखास्त फारम**

हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरि उम्मेदवारले दस्तखत गर्ने

**कार्यालय प्रयोजनको लागि**

**परीक्षार्थीको संकेत नं.:**

**रोल नं :**

**विज्ञापन नं. :**

***(खुल्ला प्रतियोगितात्मक परीक्षाको लागि)***

**क) उम्मेदवारले दरखास्त फाराम भरेको पद सम्बन्धि विवरणः**

| | | | |
|---|---|---|---|
| **१. विज्ञापन नं:.** | **२. खुलाः** | **३. पदः** | **४. सेवा/समूहः** |
| **५. श्रेणी/तहः** | **६. परीक्षा केन्द्रः** | | |

**ख) उम्मेदवारको वैयक्तिक विवरणः**

| | | |
|---|---|---|
| **उम्मेदवारको पुरा नामथर ,** | **देवनागरिमा** | **लिङ्गः** |
| | **अंग्रेजी (BLOCK LETTER):** | |
| **स्थायी ठेगाना** | **जिल्लाः  नगरपालिका/गाउँपालिकाः  वडा नं.** | |
| | **जन्म मितिः  हालको उमेरः  बर्ष  महिना** | |
| | **नागरिकता नं.:  जारी मितिः  जिल्लाः** | |
| | **बाबुको नाम,थरः** | |
| | **आमाको नाम,थरः** | |
| | **बाजेको नाम,थरः** | |
| **विवाहितको उम्मेदवारको लागि मात्र** | **पति/पत्नीको नाम,थरः** | |
| | **मातृभाषाः  सम्पर्क नं:.** | |

ग) शैक्षिक योग्यताः

| क्र.स. | योग्यता | उतीर्ण वर्ष | श्रेणी | अध्ययन गरेको शैक्षिक संस्था | मुख्य विषयहरु |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

घ) कार्य अनुभव सम्बन्धि विवरण

| क्र.स. | पद | अवधि | | जम्मा बर्ष/महिना | कार्यालय वा संस्थाको नाम र ठेगाना |
|---|---|---|---|---|---|
| | | देखि | सम्म | | |
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

ङ) तालिम वा गोष्ठिको विवरण (लिएको दिएको)

| क्र.स. | तालिमको नाम | अवधि | | जम्मा बर्ष/महिना | स्थान | तालिम सञ्चालन गर्ने निसकाय |
|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | | | |
| १. | | | | | | |
| २. | | | | | | |
| ३. | | | | | | |

च) निवेदन साथ संलग्न कागजातहरु

- 
- 
- 
- 
- 

| उम्मेदवारको ल्याप्चे सहीछाप | |
|---|---|
| दायाँ | बायाँ |
| | |

उम्मेदवारको दस्तखतः

मितिः

**अनुसूची-३**

(दफा ६ को उपदफा ४ संग सम्बन्धित प्रवेश पत्रको ढाँचा)

बान्नीगढी जयगढ गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

जयगढ, अछाम

सुदूरपश्चिम प्रदेश, नेपाल

| |
|---|
| हालसालै खिचेको पासपोर्ट साईजको पुरै मुखाकृति देखिने फोटो टाँसी फोटोमा समेत पर्ने गरि उम्मेदवारले दस्तखत गर्ने |

## प्रवेश पत्र

**उम्मेदवारको नाम, थर :-**.............................................................

**विज्ञापन नं. :-**...........................................................................

**पद :-**......................................................................................

**सेवा/समूह :-**.............................................................................

**श्रेणी/तह :-**................................................................................

**रोल नं. :-**...................................................................................

**परीक्षा केन्द्र :-**............................................................................

**उम्मेदवारको दस्तखत :-**..........................................................

........................................

**प्रमुख प्रशासकीय अधिकृतको दस्तखत**

## अनसूची-४

(दफा १०को उपदफा १ सँग सम्बन्धित कार्यविवरणको ढाँचा)

बान्नीगढी जयगढ गाउँपालिका सुदूरपश्चिम प्रदेश नेपाल

**कार्य विवरणको नमुनाः**

कर्मचारीको नामः

कर्मचारीको पदः

काम गर्नुपर्ने स्थानः

कार्यविवरणः

१

२

३

४

५

६

७

८

९

१०

# <u>अनुसूची-५</u>

(दफा १० को उपदफा १ सँग सम्बन्धित करार सम्झौताको ढाँचा)

बान्नीगढी जयगढ गाउँपालिका सुदूरपश्चिम प्रदेश नेपाल

बान्नीगढी जयगढ गाउँ कार्यपालिकाको कार्यालय (यसपछि पहिलो पक्ष भनिएको)…………………जिल्ला,...................................गाउपाँलिका/नगरपालिका, वडा नं. ..... मा बस्ने (यसपछि दोश्रो पक्ष भनिएको) का बीच बान्नीगढी जयगढ गाउँपालिकाको………. पदमा कामकाज गर्न/गराउन मिति .............................. को निर्णय अनुसार देहायका कार्य/शर्तको अधीनमा रही दोश्रो पक्षले पहिलो पक्षलाई सेवा उपलब्ध गराउन मन्जुर भएकाले यो करारको सम्झौता गरी एक/एक प्रति आपसमा बुझि लियौं /दियौः

१. **<u>कामकाज सम्बन्धमाः</u>** दोस्रो पक्षले आफुलाई तोकिएको संलग्न कार्य विवरण अनुसारको कार्य पहिलो पक्षले तोकेको समय र स्थानमा उपस्थित भई गर्नु पर्नेछ र आवश्यकता अनुसार पहिलो पक्षले तोकेको थप काम गर्नुपर्नेछ।

२. **<u>काम गर्नुपर्ने स्थानः</u>**……………………………………।

३. **<u>पारिश्रमिकः</u>** गाउँकार्यपालिकाको निर्णयअनुसार बैङ्क मार्फत पारिश्रमिक भुक्तानी गरिनेछ।

४. **<u>प्रोत्साहन भत्ताः</u>** प्रोत्साहन कार्यविधि,२०७८ बमोजिम मासिक रू.१५००।– (अक्षरूपी एक हजार पाँच सय मात्र) दोस्रो पक्षलाई नियमानुसारको करकट्टी गरी उपलब्ध गराईनेछ।

५. **<u>आचरणको पालनाः</u>** दोश्रो पक्षले प्रचलित कानूनमा व्यवस्था भए बमोजिम कर्मचारीले पालना गर्नुपर्ने आचरण तथा अनुशासन सम्बन्धी व्यवस्थाहरु पालना गर्नु पर्नेछ।

६. **<u>बिदाः</u>** दोस्रो पक्षले प्रचलित कानून बमोजिमको क्रिया बिदा, प्रसुति विदा, प्रसुति स्याहार बिदा र सार्वजनिक बिदा बाहेक अन्य कुनैपनि बिदा पाउने छैन। तर दोस्रो पक्षले रितपूर्वक कारण खुलाई विदाका लागी निवेदन पेश गरेमा अवस्था र आवश्यकताको मूल्याङ्कन गरी मनासिब देखिएमा बिदा दिन सक्नेछ। साथै कार्यालयको लागि आवश्यक परेको खण्डमा बिदाको दिनमा पनि सेवा उपलब्ध गराउनु पर्नेछ।

७. **<u>कार्यालय सम्पत्तिको सुरक्षाः</u>** दोस्रो पक्षले कार्यालयको चल अचल सम्पत्तिको नोक्सानी वा हिनामिना गरेमा सोको क्षतिपूर्ति वा हानी नोक्सानीको बिगो दोश्रो पक्षले पहिलो पक्षलाई दिनु पर्नेछ।

८. **<u>गोप्यताः</u>** दोस्रो पक्षले कार्यालयको कागजपत्र, जिन्सी सामान एवं गोप्य कुरा वा कागजात कुनै अनधिकृत व्यक्ति वा देशलाई उपलब्ध गराएको प्रमाणित भएमा दोस्रो पक्षलाई करारबाट हटाई सोबाट भएको हानी नोक्सानीको क्षतिपूर्ति दोश्रो पक्षबाट भराईनेछ र कालो सूचीमा समेत राखिनेछ

९. **करार अवधिः** यो करार मिति ................. देखि लागु भई…………..सम्मको लागि हुनेछ।

१०. **पारिश्रमिक कट्टी र करार सेवाको शर्तको अन्त्यः** दोश्रो पक्षले पहिलो पक्षलाई जानकारी नगराई लगातार ७ (सात) दिन भन्दा बढी उक्त सेवा उपलब्ध नगराएमा अनुपस्थित रहेको अवधिको पारिश्रमिक दामासाहिले कट्टा गरिनेछ र सो भन्दा बढी सेवा नगरेमा स्वतः यो संझौता पहिलो पक्षले रद्ध गरी अर्को ब्यवस्था गर्न बाधा पर्ने छैन। दोश्रो पक्षले शारीरिक रुपमा अस्वस्थ भई वा अन्य कुनै कारणले सेवा दिन असमर्थ भएमा वा काम सन्तोषजनक नभएमा वा आचरण सम्बन्धी कुराहरु बराबर उल्लघंन गरेमा दोश्रो पक्षसँगको संझौता रद्ध गर्न सक्नेछ र निजको सट्टा अर्को व्यक्तिसँग नियमानुसार सेवा करारमा राखी काम लगाउन बाधा पर्ने छैन।

११. **दाबी नलाग्नेः** दोश्रो पक्षले यस करार बमोजिम काम गरेकै आधारमा पछि कुनै पनि पदमा अस्थायी वा स्थायी नियुक्त हुनाका लागि दाबी गर्न पाउने छैन/गर्ने छैन।

१२. **प्रचलित कानून लागू हुनेः** यस सम्झौतामा उल्लेख नभएको कुरा प्रचलित नेपाल कानून बमोजिम हुनेछ।

| **प्रथम पक्षको तर्फबाटः** | **दोस्रो पक्षको तर्फबाटः** |
|---|---|
| दस्तखतः | दस्तखतः |
| नाम, थरः | नाम, थरः |
| पदः प्रमुख प्रशासकीय अधिकृत | पदः |

**साक्षीः**

**१.** आर्थिक प्रशासन शाखा प्रमुख ..........................

**२.** प्रशासन शाखा प्रमुख ....................................

***इति सम्वत् २०........ साल .................. महिना .................. गते .................. रोज शुभम्।***

**अनसूची-६**

(दफा १० को उपदफा १ सँग सम्बन्धित सेवा करार पत्र)

बान्नीगढी जयगढ गाउँपालिका सुदूरपश्चिम प्रदेश नेपाल

(गाउँपालिकाको लेटर प्याड)

मितिः……………………….

श्री ……………………..

…………………………..

विषयः सेवा करार सम्बन्धमा ।

गाउँपालिकामा करारमा कर्मचारी (श्रेणीविहिन कर्मचारी तथा प्राविधिक कर्मचारी) व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९ बमोजिम यस गाउँकार्यपालिकाको मिति ......................... को निर्णयानुसार तपाईलाई मिति ......................... देखि लागू हुने गरी…………लागि सेवा करारमा ....................................... गाउपाँलिकामा………………….. को रुपमा कामकाज गर्ने गरी जिम्मेवारी तोकिएको छ । करारमा कर्मचारी (श्रेणीविहिन कर्मचारी तथा प्राविधिक कर्मचारी) व्यवस्थापन गर्ने सम्बन्धी कार्यविधि, २०७९) बमोजिम संलग्न कार्य विवरण अनुरुप आफनो जिम्मेवारीहरु अनुशासित, निष्पक्ष, इमान्दार र उत्तरदायी भई प्रचलित कानून बमोजिम कुशलतापूर्वक सम्पन्न गर्नुहोला भन्ने विश्वास गरिएको छ ।

……………………….रुपमा जिम्मेवारी पाउनु भएकोमा हार्दिक बधाई छ ।

........................

प्रमुख प्रशासकीय अधिकृत